**गुराँस राजपत्र**

## गुराँस गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः १०** **संख्याः ६३** **मितिः२०८३/०६/०२**

**भागः २**

**गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# “घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले “घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३  जारी गरेको छ ।

## गुराँस गाउँपालिका

## "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४**
**प्रमाणीकरण मितिः २०८३/०६/०२**

**प्रस्तावनाः**

स्थानीय स्तरको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद–१: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ रहेको छ।
ख. यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा :

क. "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिकालाई सम्झनुपर्छ।
ख. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुराँस गाउँपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनुपर्छ।
ग. "ईजाजतपत्र" भन्नाले यस कार्यविधि बमोजिम निर्माण व्यवसायीलाई प्रदान गरिने प्रमाण पत्र सम्झनु पर्छ।
घ. "कार्यविधि" भन्नाले गुराँस गाउँ कार्यपालिकाबाट पारित "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ सम्झनुपर्छ।
ङ. "घ" वर्गको निर्माण व्यवसायी भन्नाले यस कार्यविधि बमोजिम निर्माण कार्यका लागि इजाजत प्राप्त निर्माण व्यवसायी सम्झनुपर्छ।

३. ईजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम ईजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

## परिच्छेद- २: नयाँ इजाजत पत्रको जारी, नवीकरण र खारेजी

४. नयाँ ईजाजतपत्र सम्बन्धी व्यवस्थाः

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजतपत्रको लागि यस गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची–५ वमोजिमको योग्यता भए÷नभएको सम्बन्धमा पूर्वाधार शाखा प्रमुख संयोजक, योजना शाखा प्रमुख सदस्य तथा राजश्व शाखा प्रमुख सदस्य भएको समितिबाट जाँचवुझ गराउनु पर्नेछ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले ईजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको ईजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले ईजाजतपत्र बापत अनुसूची–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची–३ बमोजिमको ढाँचामा ईजाजतपत्र प्रदान गर्नेछ ।

५. ईजाजतपत्रको अवधि र नवीकरणः

(१) दफा २ बमोजिम प्रदान गरिएको ईजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले ईजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित गाउँपालिकाबाट अनुसूची–२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची–४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची–४ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी ईजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची–३ बमोजिम ईजाजतपत्र नवीकरण गरीदिनेछ ।

(४) उपदफा (२) बमोजिमको म्याद नाघेको १ वर्ष भित्र सबै प्रकृया पुरा गरी ईजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची–३ बमोजिम ईजाजतपत्र नवीकरण गरीदिनेछ ।

(५) दफा २ बमोजिम प्रदान गरिएको ईजाजतपत्रको नामसारी वा/र ठाउँसारी गर्नु परेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची–३ बमोजिम ईजाजतपत्र नवीकरण गरीदिनेछ ।

६. ईजाजतपत्रको खारेजीः

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको ईजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी ईजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (४) बमोजिमको म्यादभित्र नवीकरण नभएको ईजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम ईजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

७. ईजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः

कुनै निर्माण व्यवसायीले ईजाजतपत्र हराए वा नासिएको कारणबाट ईजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई ईजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

## परिच्छेद- ३: विविध

८. प्रचलित कानून बमोजिम हुनेः

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

९. खारेजी तथा बचाउः

क. यस अघि जारी गरिएको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ खारेज गरिएको छ।

ख. यस अघि प्रचलित कानून र "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

अनुसूची-१

कार्यविधि को दफा ४ को उपदफा (१) सँग सम्बन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

**विषयः ईजाजतपत्र पाउँ भन्ने बारे।**

श्री गुराँस गाउँपलिका

गाउँ कार्यपालिकाको कार्यालय,

रानीमत्ता, दैलेख।

यस गुराँसगाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छु।

१) दरखास्त पेश गर्नेको फर्म वा कम्पनीकोः-

नामः-

ठेगानाः-

पोष्ट बक्सः-

टेलिफोन नं० फ्याक्स नं० ईमेलः-

२) फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३) सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिकोः-

नामः-

ठेगानाः- पोष्ट बक्सः-

टेलिफोन नं० फ्याक्स नं० ईमेलः-

४) फर्म वा कम्पनोको विवरणः-

दर्ता नं• दर्ता मितिः-

अधिकृत पूजीः- जारी पूजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

५) ईजाजत लिन चाहेको वर्गः- (घ) वर्ग

६) समूहीकरण हुन चाहेको समूहः-

७) आर्थिक श्रोतको विवरणः-

| | रकम | वित्तीय संस्था, बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |

| | | |
|---|---|---|
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८) कामदारको विवरणः-

क) प्राविधिकः-

ख) अप्राविधिकः-

ग) अन्यः-

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनाम पेश गर्नु पर्ने छ ।

९) आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः-

| सि.न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरुको चालु हालतमा रहेको छ भनि मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०) यस अघि सम्पन्न गरेको कामको विवरणः-

| सि०न० | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११) करचुक्ता गरेको प्रमाण कागजातः-

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायोको छाप

दरखास्तकोवालाकोः-

दरखास्तः-

मितिः-

ट्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

**अनुसूची-२**

कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (२), (३), (४) र (५) सँग सम्बन्धित

| क्र.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर (६ महिनासम्म) | ईजाजतपत्र नवीकरण थप दस्तुर (१ वर्ष सम्म) | ईजाजतपत्र प्रतिलिपी दस्तुर | ईजाजतपत्र नामसारी/ठाउँसारी |
|---|---|---|---|---|---|---|---|
| १ | घ | रु. १००००।०० | रु. ५०००।०० | रु. २०००।०० | रु. ५०००।०० | रु. ५००।०० | रु. २०००।०० |

द्रष्टव्यः (१) "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३ बमोजिमका दफा ३ को को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ।
(२) अनुसूची-२ मा उल्लेखित दस्तुर प्रत्येक वर्षको आर्थिक ऐनले फेरबदल गर्न सक्नेछ।

अनुसूची -३

कार्यविधि को दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित

गुराँस गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता, दैलेख

ईजाजतपत्र नं.................................                                                                     मितिः-

# ईजाजतपत्र

घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०८३ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ...................... स्थित कार्यालय भएको ...................  फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ।

घ

(यस वृतभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

ईजाजतपत्र दिनेकोः-

दस्तखतः-

नामः-

पदः-

मितिः-

कार्यालयः-

**नवीकरणः**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-४

कार्यविधि को दफा ५ को उपदफा (२) सँग सम्बन्धित

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र.स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को अवस्था (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का विवरण | क) नामः | क) थप समय | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकमः | |
| | | | | | ........... | ................... | | | ............. | ................. | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | क) नामः | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न मिति | ख) सम्पन्न मितिः | |
| | | | | | ........... | ........... | ........... | ........... | ........... | ........... | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पदः | ख) पदः | ग) सम्पन्न % | | |
| | | | | | ........... | ........... | ........... | ........... | ........... | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नामः | घ) नाम | |
| | | | | | | ........... | ........... | ........... | ........... | ........... | |
| | | | | | | | घ) निर्णय मितिः | घ) छाप | पदः | पदः | |
| | | | | | | | | | ........... | ........... | |
| | | | | | | | छाप | ........... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ........... | | ........... | ........... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ........... | ........... | |

अनुसूची–५

कार्यविधि को दफा ४ को उपदफा (२) सँग सम्बन्धित
“घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा मातहतको कार्यालयमा दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र÷अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. मेशीन र उपकरणः

(क) ट्रिपर ÷टयाक्टर (एक÷एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत